जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति : २०८२ असार २५ गते

## प्रेस विज्ञप्ति

### साक्षी सुरक्षामा ध्यान पुऱ्याउन माग

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

रौतहट बमकाण्डका जीवित साक्षी ४३ वर्षीय गौरीशंकर रामको भौतिक सुरक्षाप्रति इन्सेक चासो र चिन्ता व्यक्त गर्दछ । रौटहटको राजपुरस्थित मोहमद अफताब अलामका काका शेख इद्रिशको घरमा २०६४ साल चैत २७ गते साँझ भएको बम विष्फोटनबाट घाइते भएका गौरीशंकरको सुरक्षाको सवाल टड्कारो भएको छ । दुई जनाको मृत्यु, २० जना भन्दा बढी घाइते भएको उक्त घटनामा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहितलाई जिउँदै इँटाभट्टामा जलाएर हत्या गरेको आरोप सांसद तथा पूर्व मन्त्री मोहम्मद अफताव आलमलाई लागेको थियो ।

प्रहरीले २०७६ असोज १९ गते आलमलाई गिरफ्तार गरेको थियो भने जिल्ला अदालत, रौतहटले ०८१ वैशाख १३ गते जन्मकैदको फैसला गरेको थियो । अदालतले गौरीशंकरको बयान र स्वास्थ्य प्रतिवेदनलाई महत्वपूर्ण प्रमाण मान्नुका साथै उनीमाथि सुरक्षा चुनौती रहेको र सुरक्षा प्रबन्ध गर्न सरकारका नाममा आदेश समेत जारी गरेको थियो ।

जनकपुर उच्च अदालतको वीरगञ्ज इजलासका न्यायाधीशहरू डा. खुसीप्रसाद थारू र अर्जुन महर्जनको ०८२ जेठ १४ गतेको इजलासले जिल्ला अदालतको फैसला उल्ट्याउँदै आरोपितहरूलाई सफाइ दिएपछि आफूमाथि सुरक्षा खतरा भएको भन्दै राम काठमाडौं आएका छन् । हामी बम विस्फोटको घटनाका प्रत्यक्षदर्शी तथा पीडित ४३ वर्षीय गौरीशंकर राम चमारको सुरक्षा प्रबन्ध गर्न सरकारसमक्ष माग गर्दछौं । घटनाको एक हप्तापछि इन्सेकले स्थलगत अवलोकन, विभिन्न व्यक्तिहरूसँगको कुराकानीका आधारमा सङ्कलित तथ्यहरूका आधारमा विस्तृत प्रतिवेदन सार्वजनिक गरेको थियो ।

**डा. कुन्दन अर्याल**
अध्यक्ष

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org